१८ औं वार्षिकोत्सव
प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY




विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१८ ।। अङ्क : ००९ ॥ २०८२ माघ २५ गते आईतबार (8th Feb 2026 Sunday) **Pratidin** National Daily मूल्य-रु.५/-

# ढकालमाथि एनेस्थेसियामा प्रयोग हुने औषधिको सिरिन्ज प्रहार

झापा, माघ २४ । झापा भद्रपुरका खेमराज ढकालमाथि एनेस्थेसियामा प्रयोग हुने औषधिसहितको सिरिन्ज प्रहार गरी हत्या गरिएको प्रहरीले जनाएको छ । कुनै पनि विरामीलाई अपरेशन गर्नुभन्दा अगाडि बेहोस पार्न एनेस्थेसियामा प्रयोग हुने प्रोपोफोल औषधिसहितको सिरिन्ज ढकालमाथि प्रहार भएको जनाइएको छ । सिरहा बिष्णुपुर गाउँपालिका वडा नं. १ स्थायी घर भएका २६ वर्षीय दिपेशकुमार सिंहले बिहीवार साँझ ६;२० बजे भद्रपुर नगरपालिका वडा नं. १० त्रिवेणी टोल बस्ने ६६ वर्षीय ढकालमाथि सिरिन्ज प्रहार गरेका थिए । परिवारसंग आफ्नै घरमा बसिरहेको अवस्थामा सिंहले आफूसंगै ल्याएको केमिकल लोड गरिएको सिरिन्जले एक्कासि ढकालको घाँटीमा प्रहार गरेका थिए । गम्भीर घाइते ढकाललाई उपचारको लागि भद्रपुरस्थित ओमसाई पाथिभरा अस्पतालमा पुर्‍याई चेकजाँचपश्चात् चिकित्सकले मृत घोषणा गरेका थिए । घटनालगत्तै प्रहरीले सिंहलाई पक्राउ गरेको थियो । पीडितको घाँटीमा प्रहार गरिएको सिरिन्जमा भएको सो औषधि ल्याब परीक्षण गर्न पठाइएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी डीएसपी खगेन्द्रबहादुर खड्काले बताए ।



बि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपामा एमबीबीएस चौथो वर्षमा अध्ययनरत सिंहले घोपामै एमबीबीएस तेस्रो वर्षमा अध्ययनरत जुनियर छात्राका बुवा ढकाललाई सिरिन्ज प्रहार गरी हत्या गरेका हुन् ।

सिंह बिहीवार बिहान पनि मृतक ढकालको घर पत्ता लगाई अवकाश प्राप्त शिक्षक चाहिएको छ खोजिदिनुपर्यो भनी बहाना बनाई घरमा आएका थिए । मृतककी छोरी घोपामा एमबीबीएस तेश्रो वर्षमा अध्ययनरत रहेकीले उनीहरुबीच सामान्य चिनजान रहेको बुझिएको छ । ८/९ महिना अगाडि पनि ढकालकी छोरीको बदनाम गर्ने नियतले सिंहले फोटोहरु इडिट गरि पठाएका थिए । उनीबिरुद्ध इलाका प्रहरी कार्यालय धरानमा उजुरी गरेको पीडितले बताएकी छन् । सिंहले प्रेम प्रस्ताव राख्दा ढकालकी छोरीले अस्वीकार गरेको बताइएपनि छोरीसंगको रिसिबीले बुबाको हत्या गर्नु पर्ने कारण भने पत्ता लाग्न सकेको छैन । त्यसबारे अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । हत्यामा संलग्न सिंहलाई मुलुकी अपराध संहिता २०७४ को ज्यान सम्बन्धी कसूरअन्तर्गत कार्वाही तथा अनुसन्धान शुरु गरिएको डीएसपी खड्काले जानकारी दिएका छन् ।

## जेष्ठ नागरिकको भवन उद्घाटन

भद्रपुर । भद्रपुर १० चन्द्रगढीमा निर्मित जेष्ठ नागरिक कल्याण समितिको भवन उद्घाटन भएको छ ।

समितिको चौथो वार्षिक साधारणसभाको अवसर पारेर नवनिर्मित भवनको उद्घाटन गरिएको हो ।

समितिका कार्यवाहक अध्यक्ष हरिकिशोर आचार्यको अध्यक्षता तथा जेष्ठ नागरिक संघ झापाका अध्यक्ष इश्वरीप्रसाद तिम्सिनाको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न गरिएको थियो ।

प्रदेश तथा संघीय सरकारलगायत विभिन्न दाताहरूको सहयोगमा ३७ लाख ६ हजार ७ सय ७३ रूपैयाँको लागतमा भवन निर्माण भएको समितिका कार्यवाहक अध्यक्ष आचार्यले जानकारी दिए । सचिव शालिग्राम नेपालको सञ्चालनमा स्वागत मन्तव्य मुक्तिनाथ दाहालले गरेका थिए । कार्यक्रममा भद्रपुर नगर प्रमुख गणेश पोखरेल , भद्रपुर १० का वडाध्यक्ष टेकबहादुर खड्का काजी, लेखनाथ पुस्तकालयका अध्यक्ष नवराज घिमिरेलगायतले शुभकामना मन्तव्य राखेका थिए ।

भद्रपुर १० स्थित विपी चौक पश्चिम त्रिवेणी टोलमा सोही स्थानका गोविन्द, विनोद तथा राधा चापागाईं र देवीप्रसाद बस्नेतले निःशुल्क प्रदान गरेको ३ कठ्ठा जग्गामा समितिको भवन गत वर्ष नै निर्माण सम्पन्न भएको थियो ।

## आयोजक भद्रपुर इण्डो नेपाल टी-२० च्याम्पियनसीपको सेमिफाइनलमा

भद्रपुर, माघ २४ ।आयोजक भद्रपुर क्रिकेट क्लव मेची बहुमुखी क्याम्पसको क्रिकेट मैदानमा जारी कोशी पाथीभरा इण्डो-नेपाल टी-२० च्याम्पियनसीपको सेमिफाइनलमा प्रवेश गरेको छ ।

शनिवार भएको समूह ए अन्तर्गतको अन्तिम खेलमा भारतको क्रिकेट कोचिङ उपाधय नयाँ दिल्लीलाई ८ विकेटले पराजित गर्दै दुई जीतका साथ भद्रपुर सेमिफाइनलमा प्रवेश गरेको हो ।

पहिलो व्याटिङ रोजेको नयाँ दिल्लीले १९.२ ओभरमा सबै विकेट गुमाएर ११३ रनको सामान्य योगफल तयार गरेको थियो । जवाफमा भद्रपुरले २ विकेटको क्षतिमा १४.३ ओभरमै लक्ष्य पूरा गरेको थियो ।

ब्याटिङतर्फ भद्रपुरका कप्तान अंकित सुवेदीले ४३ बलमा सर्वाधिक ४३ रन बनाए भने नयाँ दिल्लीका तर्फबाट अकित रावतले २९ बलमा सर्वाधिक ३९ रन बनाए । नयाँ दिल्लीका ८ जना ब्याटरले दोहोरो अंक छुन सकेनन् ।

बलिङतर्फ भद्रपुरका लागि मुहमद आदिल आलमले ४ ओभरमा २० रन खर्चिएर सर्वाधिक ३ विकेट लिए भने नयाँ दिल्लीका तर्फबाट सबाकरिमले ४ ओभरमा २४ रन खर्चिएर १ विकेट लिए ।

आइतबारदेखि समूह बी का खेल हुनेछन् । पहिलो खेल गण्डकी हिरोज क्लव पोखरा र भारतको ग्लोबल स्टार लखनउ तथा दोस्रो खेल फ्रेण्डस् युथ क्लव डडेलधुरा र स्नोलायन क्लव सिक्किम भारतबीच हुने आयोजकले जनाएको छ ।

## गौरबशालीको आँखा शिविरबाट ३३९ जना लाभान्वित

बिर्तामोड,माघ २४ । बिर्तामोड ५ स्थित गौरबशाली बचत तथा ऋण सहकारी संस्थाले आफ्नो १७ औं बार्षिकोत्सव तथा संस्थापक अध्यक्ष काशीलाल चौधरीको ११ औं स्मृति दिवसमा निःशुल्क आँखा शिबिर सम्पन्न गरेको छ ।

संस्थाका अध्यक्ष लबकुमार चौधरीको अध्यक्षता तथा मेची आँखा अस्पतालका अध्यक्ष जलकुमार गुरूङको प्रमुख आतिथ्यमा सम्पन्न शिविरमा ३३९ जनाले आँखा परीक्षण गराएका थिए । शिविरमा आँखा जाँच गरिएकामध्ये मोतीबिन्दुको समस्या देखिएका ९ जनाको अस्पतालले निःशुल्क शल्यक्रिया गरिदिने भएको छ । शिविरको उद्घाटन गर्दै प्रमुख अतिथि गुरुङले आर्थिक अभावकै कारण कसैले पनि आँखाको स्वास्थ्य समस्या खेप्नु नपरोस् भन्ने उद्देश्यले शिविर सञ्चालन गरिएको बताए । स्वर्गीय काशीलाल चौधरीको भौतिक शरीर नभएपनि सदैव सम्झिरहने एक आदर्श व्यक्तिका रुपमा आफूले चिनेको बताउँदै अध्यक्ष गुरुङले सेवा नै सबैभन्दा ठूलो पुण्य भएको उल्लेख गरे । कसैले खर्चको अभाव भएर आँखाको उपचार गर्न नसकेको भए आफू वा अस्पतालमा सम्पर्क गरे सहयोग गर्न तयार रहेको उनले आश्वासन दिए ।

सो अवसरमा अस्पतालकी अधिकृत कविता कार्की कडरिया, कोहेड टोल विकास संस्थाकी अध्यक्ष पार्वता खरेल विमलीलगायतले मन्तव्य राखेका थिए ।
स्वागत मन्तव्यसहित औचित्यमाथि अध्यक्ष चौधरीले प्रकाश पारेको कार्यक्रमको संचालन सचिव रुपा राजवंशीले गरेकी थिइन् । कार्यक्रममा समाजसेवीहरु पुष्पलाल चौधरी,तेजनारायण चौधरी, सुरेन राजवंशी ,आनन्द गुरुङ ,चन्द्र मिश्र , भीम खनाल, जात्रुवारी संगीत टोल विकास संस्थाका अध्यक्ष घनश्याम गिरी , आवद्ध बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष नरेश भट्टराई ,उन्नतिशील महिला समूहकी सचिव इन्दिरा आचार्य , इन्द्रेणी महिला समूहकी अध्यक्ष पवित्रा लावतीलगायतको उपस्थिति रहेको थियो ।

शिविरमा बालबालिका, ज्येष्ठ नागरिकसहित सबै उमेर समूहले आँखा परीक्षण गराएका थिए । शिविरमा प्राविधिक सहयोग मेची आँखा अस्पतालको रहेको अध्यक्ष चौधरीले जानकारी दिएका छन् ।

# ओली झापामा मतदाता भेटघाटमा व्यस्त

झापा , माघ २४ । नेकपा एमालेका अध्यक्ष तथा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली झापामा मतदातासँग भेटघाटमा व्यस्त छन्। उनले कमल गाउँपालिकाका विभिन्न स्थानमा पुगेर मतदातासँग छलफल तथा भेटघाट गरेका छन्। यसै क्रममा स्थानीय मोहनबाबु शेर्माले देउवाको घरमा पैसा भेटिएको भन्ने विषयमा प्रश्न गरेपछि अध्यक्ष ओलीले त्यसलाई एआई प्रविधिबाट बनाइएको भ्रामक सामग्री भएको बताएका छन्। स्थानीयले सोधेको प्रश्नमा ओलीले जवाफ दिँदै भने, 'यो एआईबाट बनाइएको हो। हजारको नोट मैले पनि देखेको हुँ।'
ओलीले आफू सरकारमा पुगेपछि सबै किसिमका भ्रष्टाचारविरुद्ध कडा कारबाही गरिने प्रतिबद्धता जनाए।



उनले भने, 'म भ्रष्टाचार पनि गर्दिनँ र गर्नेहरूलाई पनि छाड्दिनँ।' घर-घरमा लुकाइएका पैसाबारे अहिले जानकारी पाउन कठिन भए पनि सरकारमा पुगेपछि छानबिन गरेर कारबाही गरिने उनले स्पष्ट पारे।
मतदाता भेटघाटका क्रममा ओलीले सुशासन, पारदर्शिता र भ्रष्टाचार नियन्त्रण आफ्नो प्रमुख एजेन्डा रहेको उल्लेख गर्दै जनताको विश्वास र समर्थन आवश्यक रहेको बताए।
झापा ५ मा रास्वपाका उम्मेदवार बालेन शाह चुनाव प्रचार गरिसकेर फर्किएपछि एमालेका उम्मेदवार ओली आएका हुन् ।

आगामी निर्वाचनका लागि झापा ५ मा उम्मेदवार बनेका एमाले अध्यक्ष तथा पूर्वप्रधानमन्त्री ओली शुक्रवार दिउँसो काठमाडौबाट झापा आइपुगेका हुन् । उनले एक सातासम्म आफ्नो निर्वाचन क्षेत्रमा मतदाता भेट्ने कार्यक्रम रहेको छ । गत सोमवार साँझ चन्द्रगढी विमानस्थलबाटै बालेन शाह झापा ५ पुगेका थिए । उनले झापा ५ का ग्रामीण क्षेत्रहरु गौरादह , गौरीगञ्ज र कमलमा मतदाताहरुसंग प्रत्यक्ष भेटघाट गरेका थिए । लगातार निर्वाचन जितेर पकड बनाएको ओलीको क्षेत्रलाई बालेनले भत्काउँदै लगेका छन् । जसका कारण ओलीलाई आफ्नो साविक मत जोगाउन चुनौती रहेको छ ।

झापा- ५ मा ओली र बालेनसहित कांग्रेसबाट मन्धरा चिमरिया, नेपाली कम्युनिस्ट पार्टी (नेकपा)बाट रञ्जित तामाङ, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट लक्ष्मीप्रसाद संग्रौलालगायतका उम्मेदवार चुनावी मैदानमा छन् ।

## ह्याप्पील्याण्ड फनपार्कमा रोलर कोस्टरबाट लडेर चारजना घाइते

झापा, माघ २४ । झापाको कन्काई नगरपालिका २ स्थित ह्याप्पील्याण्ड फनपार्कमा रोलर कोस्टर (रेल गाडी) मा खेल्ने क्रममा एक बालिकासहित चारजना घाइते भएका छन् ।

शनिवार दिउँसो २.५० बजे ह्याप्पील्याण्ड फनपार्कभित्र रोलर कोस्टर (रेल गाडी) मा खेल्ने क्रममा उक्त रोलर कोस्टरको एउटा डब्बा खुस्किएर भुईंमा झर्दा उक्त डब्बामा सवार चारजना घाइते भएका हुन् ।

घाइते हुनेहरुमा बुद्धशान्ति ४ बस्ने बर्ष ४५ की पेमा शेर्पा, सोही ठाउँ बस्ने प्रज्वल शेर्पाकी छोरी बर्ष ५ की शुविस्ना शेर्पा , बर्ष ३१ की प्रियंका शेर्पा र बिर्तामोड १ बस्ने बर्ष ५६ की डम्बरीकुमारी दर्जी रहेका छन् । घाइतेहरुलाई कन्काई नगर अस्पतालमा सामान्य उपचारपश्चात् थप उपचारको लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएको छ । उपचारमा सोही फनपार्कका म्यानेजर लक्ष्मण सापकोटा र घाइतेका आफन्तहरु संलग्न रहेको प्रहरीले जनाएको छ ।

# झापा ११ झापा गोल्डकपको क्वार्टर फाइनलमा

बिर्तामोड, माघ २४ । आयोजकको टिम झापा-११ फुटबल क्लबले खेलमा कमब्याक गर्दै डोमालाल राजवंशी रंगशालामा आयोजित सातौं झापा गोल्डकप विनोद बस्नेत स्मृति संस्करणको क्वार्टर फाइनलमा प्रवेश गरेको छ ।
१-० ले पछि परेको अवस्थालाई उल्टाउँदै झापाले नेपाल पुलिसमाथि २-१ को नतिजा निकाल्यो ।
झापाका लागि शिशिर लेखी र राजेश दाहालले १-१ गोल गरेका थिए ।
खेलको १२ औं मिनेटमा पुलिसले खेलमा अग्रता लिएको थियो ।
पुलिसका लागि धीरेन्द्र साहको क्रस पासमा जोन विष्टले वान टचमा गोल गरेका थिए ।
झापाले पहिलो हाफको इन्ज्युरी समयमा गोल फर्कायो । झापाका लागि राजेश दाहालले गरेको प्रहारलाई डिबक्समा अनमार्क रहेका शिशिर लेखीले गोल गर्न सफल भए । झापाका लागि निर्णायक गोल भने राजेश दाहालले गरे । ५९ औं मिनेटमा शिशिर लेखीको फ्रिकिकलाई दाहालले पोस्टको दिशा दिए । उनको गोल नै झापाको जितका लागि पर्याप्त बन्यो ।
पाएका सुन्दर अवसरहरु पुलिसले सदुपयोग गर्न नसक्दा प्रतियोगिताबाट बाहिरिएको छ । ३५ औं मिनेटमा विजय उराउले पाएको



अवसर झापाका गोलकिपर सन्दिप लिम्बुले विफल बनाए । ५२ औं मिनेटमा वीरेन्द्र साहले गरेको प्रहार गोलरक्षकले मुस्किलले बचाए । ५७ औं मिनेटमा गोलकिपर अगाडि बढेको अवस्थामा पाएको अवसर पनि पुलिसले सदुपयोग गर्न नसक्दा पहिलो चरणबाटै बाहिरिएको छ ।
झापाका एरोन थापा मगरले ४१ औं मिनेटमा डिएरियाबाट गरेको हेडबल बारमा लागेर फर्किएको थियो । टेक्निकल खेल प्रदर्शन गरेको झापाले पुलिसलाई दबाबमा राखेको थियो ।

खेलको प्लेयर अफ द म्याच विजेता टिम झापाका राजेश दाहाल भए । उनले नगद २५ हजार रुपैयाँ पुरस्कार पाए । आइतबारको खेल त्रिभुवन आर्मी फुटबल क्लब र चर्च ब्वाइज युनाइटेडबीच हुनेछ ।
प्रतियोगिताको विजेताले नगद १५ लाख र उपविजेताले ७ लाख ५० हजार रुपैयाँ पुरस्कार पाउनेछ । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले यामाहा कम्पनीको एउटा मोटरसाइकल प्राप्त गर्ने आयोजकले जनाएको छ । विधागततर्फ उत्कृष्ट कोच, हाइ स्कोरर र उत्कृष्ट गोलकिपरले जनही ३५ हजार रुपैयाँ पुरस्कार पाउने छन् ।
प्रतियोगितामा नेपालका तीन विभागीय क्लब नेपाल पुलिस, सशस्त्र प्रहरीको एपिएफ क्लब, त्रिभुवन आर्मी फुटबल क्लब, मछिन्द्र फुटबल क्लब, लालिगुराँस एसोसिएसन पोखरा, चर्च ब्वाइज युनाइटेड, आयोजक झापा-११ तथा भारतको सिङलिङ स्पोर्टिङ क्लब, भुटानको रोयल थिम्पु कलेज र मलेसियाको एन पेनाङ एफसीको सहभागिता रहेको छ ।
यसैबीच, प्रतियोगिताको बिर्तामोड नगरपालिकाका प्रमुख पवित्रा महतारा प्रसाईंले उद्घाटन गरेकी थिइन् । प्रतियोगिता उद्घाटन गर्दै नगरप्रमुख प्रसाईंले मैदानको संरचना निर्माण गर्न नगरपालिका तयार रहेको बताउँदै जमिनको स्वामित्वको विवादका कारण लगानीको वातावरण नबनेको बताइन् ।
आयोजक अध्यक्ष केदार गिरीले झापा गोल्डकपले नेपालीलाई एकताको सुत्रमा बाँध्ने माध्यम भएको दाबी गरे । उनले झापालाई फुटबलको हब बनाउन प्रतियोगिताले महत्वपूर्ण भूमिका खेलेको बताए ।

नेपालकै उत्कृष्ट खेल मैदान डोमालाल राजवंशी रंगशाला भएको बताउँदै उनले गोल्डकपका संरक्षक जलकुमार गुरुङले झापा गोल्डकपले नेपालको फुटबललाई अन्तर्राष्ट्रिय क्षेत्रमा चिनाउन सफल हुँदै गएको बताए ।
प्रतियोगिता उद्घाटन समारोहमा डोमालाल राजवंशी रंगशालाका जग्गादाता परिवारमध्ये छोरी सम्पति राजवंशीलाई १ लाख १ हजार रुपैयाँ प्रदान गरिएको थियो । त्यस्तै, डोमालाल राजवंशीको शालिक अनावरण गरिएको थियो । कार्यक्रममा पूर्वअध्यक्ष विनोद बस्नेतको सम्मानमा पूर्वेली युथ क्लबले मार्चपास गरेको थियो ।

# वरिष्ठ अभिनेता सुनिल थापाको निधन

झापा, माघ २४ । चर्चित अभिनेता सुनिल थापाको निधन भएको छ।

उनको शनिबार बिहान काठमाडौं थापाथलिस्थित नर्भिक अस्पतालमा निधन भएको हो।

अचानक स्वास्थ्यमा समस्या देखिएपछि उपचारका लागि अस्पताल भर्ना गरिएका थापाको उपचारकै क्रममा निधन भएको चलचित्र कलाकार संघका अध्यक्ष मोहन निरौलाले जानकारी दिए।

परिवारका अन्य सदस्यहरू भारतको मुम्बईमा बसोबास गर्दै आए पनि सुनिल थापा काठमाडौंमा अपार्टमेन्टमा बस्दै आएका थिए।

सुनिल थापाले लामो समयदेखि नेपाली तथा भारतीय फिल्ममा काम गर्दै आएका थिए।

दर्जनौं नेपाली फिल्ममा अभिनय गरेका सुनिल थापा 'राते काइँला' भनेर समेत चिनिन्थे। फिल्म 'चिनो' मा 'राते काइँला' को भूमिकामा प्रस्तुत सुनिल त्यसयता सर्वाधिक खोजिने खलपात्रको रुपमा रहेका थिए।

एभरेष्ट फिल्म एकेडेमीका अध्यक्ष समेत रहेका सुनिल पछिल्लो समय फिल्म 'एक्लो' मा देखिएका थिए।

बलिउडका 'कल्ट' खलनायकको चर्चा गर्दा सुनिल थापाको नाम लिनेबित्तिकै एउटा डर तयार हुन्थ्यो । उनले बलिउडमा लामो समय बिताएनन्, तर एउटा खास सिनेमामा यसरी छाए कि उनलाई खासखास मोडमा सम्झिने गरिन्छ । त्यसैले उनको त्यो खलनायक पात्र कालान्तरमा 'कल्ट' साबित भयो ।

हामीले कुरा गर्न लागेको सिनेमा हो, 'एक दुजे के लिए' । सन् १९८१ को यो सिनेमालाई कस्तो छ भन्दा प्रयोग गर्ने शब्द हुन्, रोमान्टिक त्रासदी । त्यस सिनेमामा रोमान्स गर्ने थिए, कमल हसन र रति अग्निहोत्री । अनि त्रासदी उत्पन्न गराउने थिए, तिनै सुनिल थापा । उनले त्यस सिनेमामा लाइब्रेरियनको भूमिमा निभाएका थिए, जसको रतिले निभाएको सपना पात्रप्रति कहिले पनि राम्रो दृष्टिकोण रहेन । यो त्यही सिनेमा हो, जुन कमल हसनले खेलेको पहिलो हिन्दी सिनेमा थियो । सिनेममा उनको नाम थियो, बासु । रतिको त डेब्यु सिनेमा नै थियो । त्यति बेला उनी किशोर उमेरमै थिइन् । सिनेमाका निर्देशक थिए, दक्षिणतिरका नामचिन के बालचन्दर । 'एक दुजे के लिए' तेलगु चलचित्र 'मारो चरित्र' को रिमेक थियो । त्यसमध्ये सबैभन्दा सफल सिनेमा भने 'एक दुजे के लिए' नै रह्यो, त्यति बेलाको कमाईको आधारमा पनि ।



यो सिनेमाको एउटा बलियो पक्ष संगीत पनि थियो, लक्ष्मीकान्त प्यारेलालको जोडीले गज्जब गीत बनाएका थिए । अहिले पनि ती गीत दोहोर्‍याएर सुन्नुपर्छ, त्यसमध्ये केहीले अथाह खुसी दिन्छ, अनि केहीले त्यो भन्दा बढी दुःख र पीडाको अनुभव । त्यसैले त हो 'एक दुजे के लिए' लाई सर्वकालीन उत्कृष्ट हिन्दी सिनेमामध्ये एक मानिन्छ। यसले त्यति बेला थुप्रै अवार्ड पनि जितेको थियो । यो सिनेमाको तत्कालीन भारतीय सिनेमामा कति धेरै प्रभाव थियो भने युवा जोडी आफ्नो प्रेम सम्बन्ध सफल हुने आधार देखिएन भने परिवार र सहर छाडेर भाग्थे ।कतिपयले सिनेमाको दुःखद अन्त्य जस्तै परिस्थितिलाई पनि आत्मसात् गरे । त्यसै कारण 'एक दुजे के लिए' को आलोचना गर्ने पनि धेरै छन्, किनभने यसले त्यो बेलाको समाजमा खलबली नै मच्चाएको थियो ।

बासु र सपनाको प्रेम सम्बन्धलाई तोड्ने काम गरेका थिए, तिनै सुनिल थापाले खेलेको लाइब्रेरियन पात्रले ।

अभिनेता सुनिल थापाको निधनमा कलाकारदेखि सर्वसाधारणहरूले श्रद्धाञ्जली व्यक्त गरेका छन्।

अभिनेता राजेश हमालले सुनिल थापा एक असाधारण सहकर्मी रहेको बताएका छन्।

सामाजिक सञ्जालमार्फत थापाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै लेखेका छन्, 'सुनिल, तपाईं एक असाधारण सहकर्मी हुनुहुन्थ्यो। तपाईंको अभाव कहिल्यै पूरा हुन सक्दैन।'

राजेश र सुनिलले दर्जनौं नेपाली फिल्ममा सहकार्य गरेका थिए। अभिनेतामा राजेश हमाल र खलपात्रमा सुनिल थापाबीचको केमेस्ट्रीलाई दर्शकले समेत अत्यन्त रूचाएका थिए।

राजेशले फेसबुकमा लेखेका छन्, 'नेपाली सिनेमाको इतिहासमा तपाईं एउटा महत्वपूर्ण मोड हुनुहुन्छ। मेरो सिनेमायात्रा म तपाईंप्रति समर्पित गर्दछु।'

त्यस्तै पूर्व मिस वर्ल्ड एवं हलिउड तथा बलिउड अभिनेत्री प्रियंका चोपडाले नेपाली अभिनेता सुनिल थापाको निधनप्रति दुःख व्यक्त गर्दै सामाजिक सञ्जालमार्फत श्रद्धाञ्जली अर्पण गरेकी छन्।

उनले आफ्नो फेसबुक पेजमा लेखेको स्टाटसमा थापासँग भारतीय बक्सर मेरी कोमको जीवनीमा आधारित फिल्म 'मेरी कोम' को सुटिङका समयमा बिताएका क्षणको सम्झना गर्दै कठिन समयमा पाएको साथलाई स्मरण गरेकी हुन्। फिल्ममा थापाले चोपडाको 'गुरु'को भूमिका निभाएका थिए ।

प्रियंकाले लेखेकी छन्, 'सर तपाईं सधैं मेरो कोच रहनुहुनेछ। मैले बुबालाई गुमाएको बेला तपाईंले मलाई सम्हाल्नुभयो। तपाईंले नजानिँदो रूपमा पनि धेरै कठिन दिनहरूमा माया र साथ दिनुभयो।'

उनले थप लेखेकी छन्, 'तपाईंको न्यानो अँगालो र हाँसो सधैं मेरो सम्झनामा रहनेछ। हामीले तपाईंलाई निकै चाँडै गुमायौं, तर तपाईंलाई कहिल्यै बिर्सिने छैनौं। म टुटेको समयमा तपाईंले देखाउनुभएको माया र साथका लागि धन्यवाद। तपाईंको आत्माले शान्ति पाओस् ।'

प्रियंकाले थापाको परिवार र निकटजनप्रति समवेदना व्यक्त गर्दै उनीहरूको आत्माको चिरशान्तिको कामना गरेकी छन्।

# इङ्ल्यान्डलाई हराउने नेपालको लक्ष्य

झापा । आइसीसी टी-२० विश्वकपमा नेपालले आज पहिलो खेल दुई पटकको विश्वकप विजेता इङ्ल्यान्डसँग खेल्दैछ। बलियो टिमविरुद्ध नेपाल महत्वकांक्षी जितको खोजीमा छ। नेपालले पहिलो पटक इङ्ल्यान्डसँग टी-२० अन्तर्राष्ट्रिय खेल खेल्दैछ। यो आफैंमा ऐतिहासिक हुनेछ।

मुम्बईको वाङ्खेडे स्टेडियममा नेपालले आज नेपाली समयानुसार ३:१५ मा खेल्नेछ। नेपालका लागि यो विश्वकप धेरै अर्थमा खास हुनेछ। छिमेकी राष्ट्र भारतमा भइरहेको विश्वकपमा नेपाली समर्थकको पनि ठूलो संख्यामा उपस्थिति हुनेछ। भारतपछि सर्वाधिक मागमा रहेको नेपालको खेलको टिकट रहेको आइसीसीले पनि बताउँदै आएको छ।

समूह चरणको पहिलो खेल टी-२० अन्तर्राष्ट्रिय वरीयताको शीर्ष ३ मा पर्ने र हालः सर्वाधिक फर्ममा रहेको टिम इङ्ल्यान्डविरुद्ध नेपाल जित निकाल्न चाहन्छ। टेष्ट मान्यता प्राप्त राष्ट्रसँग नेपालले यसअघि पनि खेलेको छ। नेपालले यसअघि वेस्ट इन्डिजसँग ३ खेल सम्मिलित सिरिजमा २-१ को जित दर्ता गरेको थियो। नेपालले टी-२० अन्तर्राष्ट्रियमा कुनै टेष्ट राष्ट्रलाई हराएको यो पहिलो इतिहास रह्यो। नेपालले जारी विश्वकपमा २ वटा टेष्ट राष्ट्रसँग खेल्ने छ।

इङ्ल्यान्ड नेपालभन्दा वरीयतामा १३ स्थान माथि छ। टी-२० क्रिकेटमा नेपालभन्दा धेरै राम्रो क्षमता र एक्सपोजर पाएको टिम पनि हो। पछिल्लो समय इङ्ल्यान्ड निकै राम्रो फर्ममा छ। ब्याटिङ, बलिङदेखि फिल्डिङमा पनि इङ्ल्यान्डले नेपाललाई राम्रै चुनौती पेस गर्नेछ।

इङ्ल्यान्डले नेपालको खेलको एक दिन अगाडि नै प्लेइङ ११ सार्वजनिक गर्दै नेपाललाई सिधै चुनौती पेस गरेको छ। नेपाललाई यसको फाइदा पनि हुन सक्छ। नेपालले उपयुक्त खेलाडीहरूलाई हेर्दै रणनीति बनाउन सक्छ। नेपालका प्रशिक्षक स्टुअर्ट ललाई रणनीति बनाउने धेरै लामो समय मिलेको छ। नेपालका लागि यो राम्रो मौका पनि बन्न सक्छ। लामो इतिहास बोकेको वाङ्खेडेमा ठूलो नेपाली समर्थकको अगाडि नेपालले अर्को टेष्ट राष्ट्रलाई हराउने मौका बन्न सक्छ।

इङ्ल्यान्डका कप्तान ह्यारी ब्रुकले विपक्षीलाई सम्मान गर्दै खेल्ने बताए। 'हाम्रो पहिलो खेल नेपालसँग छ। हामी वर्तमानमा रहन्छौं। हाम्रो विश्वकप जित्ने लक्ष्य हो,' उनले भने। वाङ्खेडेको मैदानमा उनीहरूलाई रन बनाउन सहज हुने उनले बताए। 'वाङ्खेडेको वाउन्ड्री सानो छ। यहाँ वाउन्ड्रीमा रन हान्न सहज हुनेछ,' उनले भने। दुई पटकको विश्वकप विजेता इङ्ल्यान्ड तेस्रो पटक विश्वकप जित्न चाहन्छ। इङ्ल्यान्डका लागि नेपाली क्रिकेट टिम नयाँ रहेको उनले बताए। 'नेपाल हाम्रो लागि नयाँ प्रतिस्पर्धी हो। यहाँका खेलाडीहरूको बारेमा हामीले रिसर्च गरेर खेल्नु पर्ने हुन्छ,' उनले भने।

इङ्ल्यान्डका स्पिनर विल ज्याक खेल अगाडीको प्रि म्याचमा बोल्दै उनीहरूका लागि विश्वकपका हरेक खेल महत्वपूर्ण हुने बताए। 'हाम्रो लागि विश्वकपको सबै खेल उत्तिकै महत्वपूर्ण हुनेछ,' नेपालको बारेमा उनले भने, 'नेपाल पछिल्लो समय निकै राम्रो प्रदर्शन र विकास गरिरहेको छ।' उनले आफूहरूका लागि विश्वकपको हरेक खेल उत्तिकै महत्वपूर्ण हुने बताए।

मुख्य विश्वकप अगाडि नेपालले २ वटा अभ्यास खेल खेलेको थियो। दुई वटा अभ्यास खेल नै राम्रो नजिताले जितेको नेपालको आत्मविश्वास निकै बलियो रहेको छ। नेपालले पहिलो खेलमा युएईलाई ७ विकेट र क्यानडालाई ६ विकेटले हराएको थियो। त्यसपछि आइसीसीले आयोजना गरेको कप्तानहरूको प्रि म्याच प्रेस कन्फ्रेन्समा नेपालका कप्तान रोहित पौडेलले वाङ्खेडेजस्तो ऐतिहासिक मैदानमा जितको लक्ष्य राखेको बताएका थिए। 'सायद हामी पनि यही विश्वप्रसिद्ध रंगशालामा एउटा नयाँ इतिहास बनाएर फर्कनेछौं,' उनले भनेका थिए।

नेपाल समूह चरणको कम्तीमा २ खेल जित्दै सुपर ८ मा पुग्न चाहन्छ। 'हाम्रो लक्ष्य नै सुपर ८ पुग्ने हो,' रोहितले भने। चेन्नईमा भएको अभ्यास खेलपछि मुम्बई फर्किएका रोहितले भने, 'यसअघिका संस्करणमा समूह चरणबाटै बाहिरियौं। अब त्यो दोहोरिने छैन।' नेपालले समग्रमा तेस्रो पटक र लगातार दोस्रो पटक विश्वकप खेल्दैछ। अब विश्वकप खेल्नेमात्रै नभएर समूह चरणभन्दा माथि पुग्ने इच्छा नेपालको हुनेछ।

नेपाल पछिल्लो समय निकै राम्रो फर्ममा रहेका छन्। त्यसमा पनि छोटो वाउन्ड्री भएका कारण नेपाली ब्याटरहरूका लागि पनि ठूलो सट खेल्न सहज हुनेछ। पहिलो खेल अगाडि नेपालले मुम्बईमा अभ्यास भने गर्ने अवसर पाएन। चेन्नईमा अभ्यास खेल खेलेर आएको नेपालले वाङ्खेडेमा सिधै खेल खेल्नेछ। यो केही हदसम्म नेपालका लागि चुनौतीपूर्ण हुनेछ। नेपालका बलरहरूले इङ्ल्यान्डको ब्याटरहरूलाई २ सयभन्दा कम रनमा रोक्न प्रयास गर्नुपर्ने हुन्छ।

समूह सी मा रहेको नेपालको पहिलो खेल इङ्ल्यान्डसँग खेल्नेछ भने दोस्रो खेल इटालीसँग खेल्नेछ। तेस्रो खेल वेस्ट इन्डिजसँग खेल्नेछ। चौथो खेल नेपालले स्कटल्यान्डसँग खेल्नेछ।

# एकीकृत सुरक्षा कार्ययोजना अनुसार निर्वाचन सुरक्षा

काठमाडौं । आसन्न प्रतिनिधिसभा निर्वाचन सुरक्षामा नेपाली सेना २१ माघदेखि फिल्डमा खटिएको छ । नेपाल प्रहरी र सशस्त्र प्रहरी बल (एपीएफ) पनि अर्को सातादेखि निर्वाचन सुरक्षाकै लागि तैनाथ हुँदै छ ।

राष्ट्रिय अनुसन्धान विभागका जनशक्ति पनि निर्वाचनलाई प्रतिकूल असर पार्ने र निर्वाचन आयोगबाट जारी गरिएका आचारसंहिता विपरीतका गतिविधि निगरानीका लागि सूचना संकलनमा खटिइसकेका छन् । निर्वाचन सुरक्षामा नेपाल प्रहरी र सशस्त्र प्रहरीको 'सहयोगी जनशक्ति'का रुपमा भर्ना भएका १ लाख ४९ हजार ९० जना 'निर्वाचन प्रहरी'लाई पनि आधारभूत सुरक्षा तालिम दिएर अर्को साताबाटै परिचालन गरिँदै छ ।

यसरी २१ फागुनका लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई निष्पक्ष, भयरहित र सुरक्षित वातावरणमा सम्पन्न गर्न सरकार 'प्रतिनिधि सभा सदस्य निर्वाचन एकीकृत सुरक्षा कार्ययोजना-२०८२ अनुसार अघि बढेको छ ।

स्वीकृत कार्ययोजनाअनुसार सेना, प्रहरी, सशस्त्र प्रहरी, अनुसन्धान विभाग र निर्वाचन प्रहरी गरी पाँचवटै फौजलाई निर्वाचन सुरक्षामा जिम्मेवारी र भूमिका किटान गरी परिचालन गरिँदै छ ।

समानुपातिकतर्फ ११० र प्रत्यक्षतर्फ १६५ सदस्यका लागि एकैचरणमा निर्वाचन हुन लागेकाले सुरक्षा चुनौती र जोखिमलाई विश्लेषण गरी तहगत सुरक्षा जिम्मेवारी र रणनीति अवलम्बन गरिएको गृह मन्त्रालयका एक अधिकारीको भनाइ छ । जसमा विगतमा भैं मतदानस्थल र मतदान केन्द्रको भित्री घेरामा नेपाल प्रहरीको नेतृत्वमा प्रहरी र निर्वाचन प्रहरीलाई खटाउन लागिएको छ ।

मतदानस्थलको बाहिरी घेरा, जहाँ मतदाताहरु मतदानका लागि लाइनमा बस्छन्, त्यसलाई व्यवस्थित गर्न प्रहरी र निर्वाचन प्रहरी जनशक्ति खटाउने गरी सुरक्षा जनशक्ति व्यवस्थापन गरिएको छ । यसलाई आम बुझाइमा 'भित्री सुरक्षा घेरा'का रुपमा पनि बुझ्ने गरिएको छ । भित्री सुरक्षा घेराका रुपमा राखिएका क्षेत्र (मतदान स्थल) मा खटिने जनशक्ति विगतमा भन्दा यो पटक बढाइने गरी कार्ययोजना बनेको छ ।

प्रहरी प्रधान कार्यालयले हेडक्वार्टर, उपत्यका प्रहरी कार्यालय, सातवटै प्रदेश प्रहरी कार्यालय, नेपाल प्रहरीका प्रदेशस्थित कार्यालय र जिल्ला प्रहरी कार्यालयहरुबाट मतदान स्थलमा खटिने प्रमुख र अन्य जनशक्तिलाई निर्वाचन सुरक्षा अनुशिक्षण तालिम दिइरहेको छ । तालिम सकेर निर्वाचन प्रहरीसहित उनीहरुलाई कार्यस्थल खटाउने तयारीमा प्रहरी जुटेको छ ।

निर्वाचन सुरक्षामा नेपाल प्रहरीका करिब ७१ हजार जनशक्ति खटिँदै छ । प्रहरीले हेडक्वार्टर, प्रदेश र जिल्ला तहमा तहगत रुपमा आफ्नै निर्वाचन सेल बनाएको छ भने गृह मन्त्रालय, प्रदेश र जिल्लामा रहेका सुरक्षा समिति मार्फत पनि आवश्यक समन्वय र सहभागितामा परिचालन व्यवस्था मिलाएको छ ।

सशस्त्र सेना, सशस्त्र र अनुसन्धान विभागका पनि केन्द्रदेखि जिल्ला तहसम्म आफ्नै एकल संयन्त्र र केन्द्र, प्रदेश र जिल्ला सुरक्षा समितिमार्फत तहगत संयन्त्रमा बसेर सुरक्षा व्यवस्थापन मिलाएका छन् । सेना र सशस्त्रले ७७ वटै जिल्ला सदरमुकाममा रहेका स्थायी संयन्त्र र त्यस बाहेकको हकमा १६५ निर्वाचन क्षेत्रलाई एक क्षेत्र-एक निर्वाचन बेस (अस्थायी बेसक्याम्प) बनाएर मातहत इलाकामा सुरक्षा व्यवस्थापन गर्दै छ ।

त्यसलाई पनि ७ सय ५३ स्थानीय तहअनुसार जोखिम र आवश्यकता अनुसार चारपाङ्ग्रे र २ पाङ्ग्रे सबारीबाट पट्रोलिङ तथा बेसलाई केन्द्रमा राखेर स्थल गस्तीको व्यवस्था मिलाएका छन् । गस्तीलाई पनि तीन समूह लामो, मध्यम र छोटो दुरीको गस्तीबाट निर्वाचन सुरक्षामा जनशक्ति खटाउँदै छन् । सशस्त्रलाई दोस्रो सुरक्षा र नेपाली सेनालाई बाहिरी र अन्तिम सुरक्षा घेराका रुपमा राखिएको छ । नेपाल प्रहरी खटिएको भित्री सुरक्षा घेरामा कुनै सुरक्षा जोखिम भएका जतिसक्दो छिटो घटनास्थल पुग्ने गरी सशस्त्र र सेनालाई ब्याकफोर्सका रुपमा परिचालन नीति अपनाइएको छ ।

निर्वाचन सुरक्षामा सेनाका करिब ८० हजार र सशस्त्रका करिब ३५ हजार जनशक्तिलाई तयार पारिएको छ । यसरी तयार पारिएका सेना र सशस्त्रलाई ११ हजार ९०१ मतदान स्थलको सुरक्षा संवेदनशीलतालाई लक्ष गरेर परिचालन नीति बनाइएको छ ।

कुल मतदानस्थलमध्ये ४ हजार ६ सय १४ वटा लाई सुरक्षाका दृष्टिले अतिसंवेदनशील सूचीमा राखेको छ । ४ हजार ४ सय ४२ मतदानस्थल संवेदनशील र २ हजार ८ सय ४५ मतदानस्थल सुरक्षा दृष्टिले कम जोखिमको सूचीमा समेटिएको छ । अति संवेदनशील र संवेदनशील मतदानस्थललाई सेना र सशस्त्रको सुरक्षा पहरा बढाउने गरी फिल्डमा परिचालन नीति अपनाइएको गृह स्रोतको भनाइ छ ।

चुनावमा मतदान आफ्नो पक्षमा पार्न घरदैलो, आमसभा, प्रतिस्पर्धी दल तथा उम्मेदवार लक्षित आवेग/टिप्पणी र उत्तेजक अभिव्यक्ति दिने प्रवृत्ति र चलन नौलो होइन । तर, मतदानका दिन निश्चित दल तथा उम्मेदवारहरुका दबदबा भएका स्थानमा मतदानमा धाँधली गरेर आफ्नो पक्षमा पार्ने र कतै बुथ नै कब्जा गर्ने प्रवृत्तिले पनि सुरक्षा जोखिम बढाइएका घटना विगतमा निर्वाचनमा पनि दोहोरिने गरेका थिए । यो पटक त्यही प्रवृत्ति दोहोरिन नदिने गरी सुरक्षा प्रबन्ध मिलाउनु मुख्य चुनौती हो भने २३ र २४ भदौको जेनजी आन्दोलनको जगमा पुराना दलविरुद्ध नयाँ शक्तिहरु हाबी भएका कारण जेनजी आन्दोलनलाई लिएर एकअर्काविरुद्ध हुन सक्ने पक्ष/विपक्षमा अवाञ्छित गतिविधि बढ्ने जोखिमलाई पनि सुरक्षा निकायहरुले चुनौतीका रुपमा समेटेका छन् । त्यसलाई नियन्त्रण गरेर सुरक्षित र भयरहित वातावरणमा चुनाव सम्पन्न गर्नु मुख्य चुनौती रहेको प्रहरीका एक डीआईजीको भनाइ छ ।

आसन्न निर्वाचनमा समानुपातिकतर्फ ३ हजार १ सय ३७ र प्रत्यक्षतर्फ ३ हजार ४ सय ६ जना उम्मेदवार मैदानमा छन् ।

दल तथा उम्मेदवारहरुलाई निर्वाचन आयोगले ४ दखि १८ फागुनसम्म निर्वाचन प्रचारप्रसार तथा आमसभा, घरदैलो कार्यक्रम गर्न पाउने गरी आचारसंहिता सार्वजनिक गरिसकेको छ ।

गृह मन्त्रालयका प्रवक्ता आनन्द काफ्ले सुरक्षित र भयरहित वातावरणमा मतदान गराउने गरी आवश्यक बन्दोबस्ती व्यवस्थापन गरिएको बताउँछन् । केन्द्रीय सुरक्षा समितिबाट स्वीकृत कार्ययोजना र गृह मन्त्रालयबाट भएका निर्देशनअनुसार देशभरका प्रमुख जिल्ला अधिकारीहरु निर्वाचन सुरक्षामा केन्द्रित भएको उनले बताए ।मतदानका दिन अप्रिय घटना भएमा केही मिनेटभित्रै ब्याक सपोर्टमा परिचालित जनशक्ति घटनास्थल पुग्ने गरी व्यवस्थापन गरिएको पनि एक सुरक्षा अधिकारीको भनाइ छ । पहाडी, हिमाली र सबारी आवागमन कठिन भएका इलाका केन्द्रित सुरक्षा रणनीति छुट्टै तय भएको छ ।

गृह मन्त्रालयले अनुसन्धान विभागका अलावा सेना, प्रहरी र सशस्त्रका सादा पोसाकमा जनशक्ति पनि फिल्डमा तैनाथ गरिसकेको छ ।

निर्वाचनमा भाग नलिएका शक्तिसहित जेनजी आन्दोलनका बेला लुटिएका हतियार, भागेका कैदीबन्दी पनि प्रमुख सुरक्षा चुनौतीका रुपमा राखेर यसविरुद्ध छुट्टै संयन्त्र पनि परिचालित छन् । हिमाल, पहाड र तराई तथा उपत्यकामा छुट्टा छुट्टै जोखिम पहिचान गरेर त्यही अनुसार परिचालन नीति लिइएको छ ।


## सामाजिक सञ्जाल प्रयोगमा सतर्कता अपनाऔं ।

**सामाजिक सञ्जालमाः**

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल पुर्‍याउने,
- राष्ट्रिय सुरक्षा र राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुर्‍याउने,
- जातीय भेदभाव, छुवाछुत र श्रमप्रति अवहेलना हुने,
- शान्ति सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानूनले रोक लगाएका सामग्रीहरूको प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,
- जस्ता विषयवस्तु पोष्ट, शेयर, ट्याग, ह्यास ट्याग गर्नु हुँदैन ।
- यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार
विज्ञापन बोर्ड





नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

# प्रतिदिन अभिव्यक्ति

कविता

## एकल आमाको परिवार



• डा. शरद परासर मरहट्टा

सूर्यको तेज घट्दै गर्दा दिनको उज्यालो खुम्चिँदै गर्दा
रूखका पातहरूले नयाँ रङ्गहरू स्वीकार्दै गर्दा जङ्गलको छेउमा
घर पछाडिको रूखमा इन्जिनियर प्रकृतिले बनाएको
अर्को घरको द्वार देखियो ।

नयाँ घरभित्र एउटा परिवार देखियो
एकल आमाले धान्दै गरेकी घरबार देखियो ।
देखिएको परिवारको नदेखिएको प्राणी खानाको खोजीमा
नजिकै जङ्गलमा वा टाढाको मरुभूमिमा पसिना चुहाउँदै गरेको
हुनुपर्छ ।

नाम नखुलेको—वयस्क पात्र भाषा नबुझेर,
काम बिराएर या मोटाघाटाहरूको झोकमा परेर
कैदमा कोचिएको पनि हुन सक्छ ।
आफ्नाहरूबाट टाढिएको—विवश प्राणी
अमुक स्थानमा बिना इजाजत प्रवेश गरेको कसुरमा
हात–खुट्टा बाँधेर अन्तै कतै टाढाको महादेशमा पुर्‍याइएको पनि
हुन सक्छ ।

कतिपय अन्य 'जैविक' पिताहरू जस्तै
यो घरको वयस्क पुरुष प्राणी कतै अन्तै लागेको पनि हुन सक्छ
घर–परिवारलाई त्यागेको पनि हुन सक्छ ।

जे होस्, औधी मायालाग्दो परिवारका तीन प्राणीहरूले
'ऊ' अर्थात् घरवालालाई बिस्तारै–बिस्तारै तान्दै गरे ।
'ऊ' सुस्त–सुस्त तानिँदै गयो ।
घट्दै गएको 'ऊ'सँगको दूरीदेखि झस्किएकी
प्रस्ट देखिएको नीलो अनुहारसँग तर्सिएकी नयाँ घरकी आमाले
आफ्ना बच्चाहरूलाई खोकिलामा च्याप्दै केही बुझाउँदै थिई
फकाउँदै–फकाउँदै केही सम्झाउँदै थिई ।


ऊ सम्भवतः भन्दै थिई
"नजिकिँदै गरेको प्राणीले खाना दिएर लोभ्याउन खोज्ला—
नलोभिनु"
"खेलौना देखाएर आफ्नो बनाउन खोज्ला—नबन्नु"
"सुविधासहितको आश्रय दिएर 'बाबु' बन्न खोज्ला—नपत्याउनु"
"तिमीहरूकी आमालाई 'आफ्नी' बनाउन खोज्ला—नदिनु।"

एकल आमा आफ्ना सन्तानहरूलाई पालैपालो म्वाई खाँदै
जीवनको दर्शन पोख्दी हो
"तिमीहरू र तिमीहरूकी आमाजस्ता होइनन् मानिसहरू"
"नपत्याऊ रूखका पातहरूजस्तो रङ बदल्न हिउँद कुर्न
नपर्नेहरूलाई"
"विश्वास नगर— युरोपको मौसमभन्दा छिटो परिवर्तन हुने मन
भएकाहरूलाई"
"मनपेट नदेऊ— विश्वासको आधार नभेटिएकाहरूलाई।"

यता, नयाँ छिमेकको मनोभावसँग बेखबर
'ऊ' नयाँहरूसँग न्यानोपन साट्ने चाहनामा
अझै एक पाइला अघि बढाउँछ ।

गजल

## लाग्छ सधैँभरि



• बसन्त शर्मा

लाग्छ सधैँभरि यहाँ पुस भइरहोस्
अँगालो यो न्यानो महसुस भइरहोस् ।

कैदी हामी उन्मादको ग्यास च्याम्बरभित्र
दुवैलाई उस्तै उकुश–मुकुश भइरहोस् ।

अघि बढौँ कुकुर भुक्दा हात्ती लम्के जस्तै
मतलब छैन दुनियाँमा खासखुस भइरहोस् ।

सँगै आँटे जित्न यहाँ कसलाई सकिन्न र ?
हरेक पाइला मुनि चाहे एम्बुस भइरहोस् !

# मेरो प्रिय मान्छेलाई खुला पत्र: नेपाल फर्क



• सरोज भट्टराई

मेरो प्रिय मान्छे, यो देशलाई गाली गर्दै देश छोड्नेहरूको भीडमा तिमी पनि मिसियौ म बुझ्छु। तर आज यो पत्र गुनासो होइन, बोलावट हो। किनकि नेपाल आज परिवर्तनको बीचमा उभिएको छ, र त्यो परिवर्तनलाई हेरेर होइन, छोएर बाँच्ने समय आएको छ।

हामी थाकेका छौँ, तर सकिएका छैनौँ। हामी रिसाएका छौँ, तर हार मानेका छैनौँ। गल्ली गल्लीमा अझै सपना बाँकी छन्, माटोमा अझै आशा छ, र मनभित्र अझै फर्किने बाटो बाँकी छ।

आऊ, नेपाल फर्क किनकि देश मात्र होइन, हाम्रो माया पनि अझै अपुरो छ। मेरो प्रिय मान्छे, यो पत्र होइन, यो मेरो मनको भारी बोकेर लेखिएको एउटा लामो सास हो। शब्दहरू मिलाएर लेखिएको कुनै साहित्यिक अभ्यास होइन यो, यो त तिमी नहुँदा दिनदिनै मनभित्र जम्मा हुँदै गएको पीडा, आशा र प्रतीक्षाको दस्तावेज हो।

आज म तिमीलाई केवल सम्झेर लेखिरहेको छैन, आज म तिमीलाई फर्काउन लेखिरहेको छु। आऊ, नेपाल फर्क। अब मात्र होइन अब ढिला भइसकेको छ भनेर बुझेर फर्क।

म जान्दछु, तिमीले यो देश छोड्दा कति रातहरू नसुतेर बितायौ। 'यहीँ केही गर्न सकिएन भने बाहिर जानु नै ठीक' भन्ने निष्कर्ष सजिलै आएको थिएन।

परिवारको दबाब, समाजको व्यंग्य, साथीहरूको पलायन, र आफ्नै सपनाको थकान यी सबैले तिमीलाई धकेलेका थिए। म तिमीलाई दोष दिन्नँ। किनकि यो देशले धेरै युवालाई निराश बनाएको छ। तर प्रिय, निराशाले देश छोड्नु बुझ्न सकिने कुरा हो; निराशालाई अन्तिम सत्य मान्नु भने खतरनाक हो। तिमी विदेश पुगेपछि सुरक्षित जीवन पायौ होला समयमा तलब, सम्मानित श्रम, निश्चित भविष्य। तर के त्यहाँ तिमीले आफूलाई भेट्टायौ? कि केवल आफूलाई व्यस्त राख्यौ? किनकि म जान्दछु, रातको कुनै घडीमा तिमीले यो माटो सम्झिन्छौ। दशैंको टीका, तिहारको झिलिमिली, असारको पानी, र आमाको अनुहार यी सम्झनाहरू कुनै डलरले किन्न सक्दैन।

प्रिय, आज नेपाल उस्तै छैन, जस्तो तिमीले छोडेर गएका बेला थियो। समस्या उस्तै छन्, हो; तर सहने संस्कार कमजोर हुँदैछ। मानिसहरू चुप लागेर बस्न थालेका छैनन्। प्रश्न उठिरहेका छन्। युवाहरू सडकमा मात्रै होइन, सोचमा पनि हिँडिरहेका छन्। नेतृत्वप्रति आँखाभरिको डर होइन, आँखाभरिको प्रश्न देखिन थालेको छ।

प्रिय, मलाई थाहा छ, तिमी भन्छौ ' भावनाले देश चल्दैन।' हो, भावनाले देश चल्दैन; तर देश चलाउने इमानदारी भावना बिना जन्मिँदैन। नियम किताबमा लेखिएका हुन्छन्, तर नियम पालना गर्ने संस्कार मनमा जन्मिन्छ। त्यो संस्कार यही माटोमा उम्रिन्छ।

हाम्रो प्रेम पनि त यही माटोमा जन्मिएको थियो। हामीले देखेका सपना कुनै लक्जरी क्याफेमा बनेका थिएनन्। ती सपना धुलो लागेको सडकमा, सस्तो चियाको गिलाससँगै, र भविष्यप्रतिको डरलाई हाँसोले ढाक्दै बनेका थिए। आज हामी टाढा छौँ, तर हाम्रो माया मरेको छैन। माया त तब मर्छ, जब हामी एउटै दिशामा हिँड्न छोड्छौँ। तिमी विदेशबाट मलाई भन्छौ 'तिमी देशमै बसेर के पायौ?' म कहिलेकाहीँ मौन हुन्छु। किनकि सबै उत्तर शब्दमा हुँदैनन्। मैले यहाँ आराम पाएको छैन, तर अर्थ पाएको छु। मैले यहाँ सुविधा पाएको छैन, तर उद्देश्य पाएको छु र, उद्देश्य बिना सुविधा केवल सजिलो कैद हो।

नेपाल फर्किनु भनेको सबै कुरा छोड्नु होइन। नेपाल फर्किनु भनेको आफ्नो सीप, अनुभव र चेतना यहीँ लगानी गर्नु हो। तिमीले बाहिर सिकेको अनुशासन, समयको मूल्य, र श्रमको सम्मान यी सबै यहाँ चाहिएको छ। हामीलाई विदेशी पैसा होइन, विदेशी संस्कार चाहिएको छ र त्यो संस्कार तिमी जस्ता मानिसहरूले मात्रै ल्याउन सक्छन्।

प्रिय, यो देश कमजोर छ भन्ने कथा धेरै सुनियो। तर देश कमजोर हुँदैन, देशलाई कमजोर बनाइन्छ जब उसका सक्षम सन्तानहरू टाढैबाट माया गर्छन्। म तिमीलाई दोष दिन्नँ, तर आग्रह गर्छु मायालाई उपस्थितिमा बदल। टाढाबाट देशप्रेम गर्नु सजिलो छ, यहीँ बसेर देश बनाउनु कठिन छ। तर प्रेम सधैं कठिन बाटोमै परिक्षित हुन्छ।

हाम्रो माया पनि परीक्षामा छ। सजिलो भए त हामी टाढै बसेर पनि खुसी हुन्थ्यौँ। तर हामी खुसी छैनौँ, हैन र? किनकि हाम्रो सम्बन्ध केवल दुई व्यक्तिको कथा होइन; यो समय, समाज र देशसँग जोडिएको कथा हो। यदि हामी देशसँगै संघर्ष गर्न सक्दैनौँ भने, हाम्रो प्रेमले पनि गहिरो अर्थ पाउँदैन।

प्रिय, फर्किएर तिमीले क्रान्ति गर्नुपर्छ भन्ने छैन। फर्किएर तिमीले इमानदार भएर बाँच्नुपर्छ। घुस नदिने साहस, गलत देख्दा चुप नलाग्ने हिम्मत, र सही कामलाई समर्थन गर्ने अडान यति नै काफी छ। इतिहास सधैं ठूलो नारा बोल्नेले होइन, सानो इमानदारी बोक्नेले बदल्छ।

आज म तिमीलाई सपना देखाएर होइन, जिम्मेवारी सम्झाएर बोलाइरहेको छु। यो देश पूर्ण छैन, तर यो हाम्रो हो। यसले हामीलाई धेरै दिएको छ भाषा, पहिचान, र एकअर्कालाई चिन्ने आँखा। अब केही फर्काउने पालो हाम्रो हो।

आऊ, नेपाल फर्क। बालेन प्रधानमन्त्री बन्लान् या नबन्लान् त्यो समयले देखाउनेछ। तर हामी जिम्मेवार नागरिक बन्यौँ भने, कुनै पनि प्रधानमन्त्री असफल हुन सक्दैन। देश बन्दै छ, प्रिय तर त्यो देश तिमी बिना अपुरो छ।

अन्त्यमा, यो पत्र प्रेमको आग्रह हो, देशको आह्वान हो, र समयको चेतावनी हो।

आऊ, हामी भाग्ने होइन, बस्ने निर्णय गरौँ। हार्ने होइन, थामिने निर्णय गरौँ। आऊ, नेपाल फर्क। आऊ, आफू फर्क। आऊ, हाम्रो माया र यो देश दुवैलाई अझ बलियो बनाऔँ। तिम्रो, नेपालमै बसेर पनि नहार्ने, र तिमी फर्कने विश्वास कहिल्यै नछोड्ने एक मान्छे आऊ, नेपाल फर्क।

यो देश स्वर्ग होइन, तर यो हाम्रो कर्मभूमि हो। यहाँ गल्ती छन्, तर सम्भावना पनि छन्। यहाँ पीडा छ, तर प्रयोजन पनि छ। यदि हामी नै फर्किएनौँ भने, भोलि परिवर्तन कसले बोक्छ? इतिहासले भाग्नेहरू होइन, थामिनेहरू सम्झन्छ। आऊ, देशसँगै उभिऔँ हात काँप्दै भए पनि। किनकि जब मान्छे फर्कन्छ, देश बन्छ; जब देश बन्छ, माया बलियो हुन्छ। अब निर्णय गर सजिलो जीवन कि अर्थपूर्ण जीवन। म त यहीँ छु, देशसँगै, तिमी फर्कने विश्वास बोकेर।

# म पात्र



• भाउपन्थी

म पात्र भन्नाले... । भो, स्पष्टीकरण नदिऊँ । तर, एउटा कर्तव्य त बन्छ 'म पात्र भन्नाले' भनेको के हो भन्ने प्रस्ट पार्न । त्यो के भने, म र पात्र अलगअलग एकाइ हुन् । तापनि यिनमा अन्योन्याश्रय छ ।

'म' पात्रका बारेमा यो बयान होइन । न 'पात्र' भनेर जसलाई अगाडि ल्याउन खोजिएको छ, ऊ 'म' होइन । तसर्थ, मेरा बारेमा पनि होइन । तर, यसो भन्दा 'पात्र' र 'म' अलग देखियौँ । भनाइलाई 'रिफर्म' गरेर भन्दा यो ठोकेर भन्न सकिन्छ– त्यस्तो किमार्थ होइन । जानिराख्नु पर्छ, मबिना 'पात्र' पूर्ण छैन र पात्रबिना 'म' अधुरो छ । निष्कर्षमा यो आध्यात्मिक ढबको भनाइ भयो । अहिले आध्यात्मिकताको अभावका कारण जीवन अराजक र विशृंखल छ भन्ने उद्घोष आध्यात्मिक गुरुहरूको रहेको छ ।

बिहानबिहान टाँठो स्वरमा गाएको मिठो भजन सुन्नुपर्ने ठाउँमा छु । तर, मेरा कानमा एउटा निराश स्वरको वाक्य ठोकिन आइपुग्छ, "हे ईश्वर !" फेरि के भएछ ।

तर, पत्नी आफ्नो अवस्था सोचीसोची यसरी ईश्वरसमक्ष पुकार प्रस्तुत गर्छे । म ओछ्यानमै छु । पत्नीले मलाई सुनाउन यस्तो पुकार गरेकी पनि हुन सक्छ । अन्ततः उसको ईश्वर त मै हुँ ।

तर, पत्नी कर्तव्यनिष्ठ छे । अहिले ऊ चियासहित उपस्थित हुन आइपुग्नेछे । एक कप निस्तो चिया, त्यो पनि बिनादूधको । तर, चियामा दुई दाना वा बढी मरीच पिसेर राखिने हुनाले त्यसको मगमगाउँदो बास्नालाई नाकका पोरा फुलाएर साससँगै भित्रसम्म तान्ने गर्छु । यसले आनन्दानुभूति दिन्छ, भोक जगाउँछ ।

तर, भोकदेखि मलाई डर लाग्छ । मेरी पत्नीको भोक झन् भयंकर छ । उसको जीउ यस्तो किसिमले मस्यांग्रिएको छ- उसले जति खाए पनि एक पित्को बढी बोसो लाग्दैन । जन्मजात गुण हो, जस्तै- नेतामा जन्मजात भाषण गर्ने क्षमता निहित हुन्छ, हो त्यस्तै । तपाईं त्यसलाई कुनै हालतमा पनि झिक्न सक्नुहुन्न, न रोक्न नै सक्नुहुन्छ । नेता नेता नै हो र मेरी पत्नी पनि मेरै पत्नी हो ।

त मरीच राखेको चिया भए पनि बिहानको चिया हुनाले त्यसले जीउमा ताजगी भरिदिन्छ । पत्नीको हातबाट चियाको कप लिएपछि म आफूलाई तयार पार्छु । मैले एकपटक चिया सुर्क्याउन नपाउँदै उसले एकपटक भन्नेछे, "खै त ?"

उसको प्रश्नात्मक 'खै त'को आशय म बुझ्छु । तर, बुझेर पनि के गर्ने ?

आशय यो हो... । आशयको कुरा पछि गरूँला । अहिले यो पछुतो भइरहेछ, मैले बिहान चाँडै किन ओछ्यान छाडिनँ ? ओछ्यान म अहिले पनि छाडिरहेको छैन । म प्रहरीको फन्दामा परेको अपराधीजस्तो भएको छु । अपराध कबुलेको बयान दिए पनि नदिए पनि म अपराधी सिद्ध हुनेछु ।

अपराध अस्वीकारको बयान दिएपछि पनि प्रहरीको खोरमा बसिराख्नुपर्ने नै हो । किनभने प्रहरीसँग म अपराधी ठहर हुने प्रशस्त बलिया प्रमाण छन् ?

पत्नीले यसपटक भात फत्केझैँ फतफत गरेकी छैन । ऊ पनि बाध्य छे । म अघि नसरेसम्म घरको समस्या सहज तरिकाले समाधान हुँदैन । त्यसका लागि ऊ मलाई बरोबर घचघच्याउने गर्छे, "लौ न केही गर्नोस् ।"

म के गरूँ ? सामान्यतया यस्तो सबैको घरमा हुन्छ भन्ने मलाई लाग्छ । सबैसँग आआफ्ना समस्या समाधानका उपाय हुन्छन् । मसँग पनि नभएको होइन । तर, समस्याहरू यस्ता छन् एकपछि अर्को लाम लागेर यातायात व्यवस्था विभागमा ड्राइभिङ लाइसेन्स पर्खिराखेका जस्ता अटुट छन् ।

समस्याहरूलाई कहिले के भनेर त कहिले के भनेर टार्ने गरेको छु । मेरा आलेटाले समाधानका उत्तरदेखि समस्याहरू स्वयं आजित भएर 'फेड आउट' हुने गरेका छन् । हेर्नोस्, मैले सही गलत जे होस् अंग्रेजी शब्द 'फेडआउट'को प्रयोग गरेको छु । यो पनि भाषिक विवशता हो । आफ्नो भाषामा भन्दा यसले त्यति सटिकता ल्याउँदैन अथवा एउटा फोर्स जसले सुन्नेलाई विश्वसनीयता दिलाओस् त्यो मैले अरू भाषाको सम्प्रेषणमा पाउँदिनँ ।

त्यसैले म बीचबीचमा यस्ता अंग्रेजी शब्द घुसार्न मन पराउँछु । यसले वाणीलाई एक किसिमले प्रामाणिकताको शक्ति प्रदान गर्छ । मेरो विचारमा पौराणिककालमा हुने आकाशवाणीमा पनि अंग्रेजी शब्दहरू प्रयुक्त भएका भए त्यसले अझ प्रभाव पार्ने थियो । र, सुन्नमा अझ विश्वसनीयता पाउने थियो । जे होस्, म यी सब किन बीचमा छिराइरहेछु भने पत्नीले जे भन्न चाहेको हो, म त्यो पहिले नै सुन्न लागिरहेछु । उसले मुख खोलेर त्यसलाई भाषिक रूप देओस्/नदेओस् म उसलाई अग्रीमै सुन्छु । र, मैले यस्तो (यसलाई अलौकिक नै भनौँ) श्रवणशक्ति प्राप्त गरेको हुनाले पनि पत्नीबाट धेरै सचेत रहने गर्छु ।

उसले भन्न सक्छे, "आज बच्चाहरूको फी बुझाउनु छ ।"

उसले भन्नेछे, "आज घरमा चामल सकिएको छ ।"

उसले भन्नेछे, "तेल छैन, चिनी छैन र पत्ती छैन अनि खाने के ?"

उसले भन्नेछे, "आज छिमेककी मालती आएकी थिइन् ।" मालती यस कारण बिहानबिहानै आउने गर्छिन् । किनभने उनी घरभाडा उठाउँछिन् । उनी घरबेटी हुन् । उनको आगमन शुभ मानिँदैन । अशुभ यत्ति पनि मानिँदैन- बिहानै उनको अनुहारको दर्शन भयो भने साइत पर्दैन । तर, घरको ढोकाबाटै उनलाई देखियो भने फर्केर घरभित्र पस्ने र एकछिनपछि मात्र बाहिरको काममा निस्कने गरिन्छ ।

यो कसैप्रति घृणाभाव होइन । तर, भइरहेछ यस्तै र यसको अनुभव मलाई पनि छ । अनुभव भन्नाले हिँड्ने बेलामा मालतीको अनुहार देखेर साइत नपरेको होइन । मालतीबारे रहेको छरछिमेकको अवधारणालाई भन्न खोजेको हुँ ।

छरछिमेक भन्नाले जोजो मालतीको घरमा कोठा लिएर बस्थे, तिनको अवधारणा । स्मरणीय छ, जजसले महिनाको भाडा तिर्न ढिलो गर्थे तिनीहरूप्रति मालतीको व्यवहार कठोर हुन्थ्यो । कहिलेकाहीँ कोठा छाडिदिने आदेश पनि दिन सक्थी ।

पत्नी व्यावहारिक छे । उसले केटाकेटीलाई जुत्तामोजा र २०/२५ रुपैयाँ खाजाखर्चमा तिमालेर राख्न सक्छे । डिमान्ड यस्तो पनि आएको हुन्छ- बाइक वा स्कुटी चाहियो । साथीहरूका अगाडि मुख देखाउनै लाज भयो । अथवा लेटेस्ट मोडेलको स्मार्ट मोबाइल चाहियो, जुन ९० हजारदेखि सवालाख माथि पर्छ ।

पत्नी व्यवहारकुशल छे भनेर मैले यसकारण भनेको हो, केटाकेटीका डिमान्ड सुनेर मभित्र हीनभावना पैदा हुन सक्छ । र, म डिप्रेसनमा जान सक्छु वा रिसले चुर भएर कपाल लुछ्न थाल्छु ।

अफिस जानु छैन र कोठाका झ्यालढोका लगाएर अँध्यारो बनाउनेछु । अनि ओछ्यानमा गुटमुटिएर सुत्नेछु, कसैसँग बोल्ने छैन । वाणी अवरुद्ध भएपछि धेरैथरी समस्या आफैँआफैँ बिलाउँछन् ।

तर, पत्नी व्यवहारकुशल छे । ऊ, म माने जो पिताको भूमिका निर्वाह गरिरहेको छु त्यो पात्रको मानसिक र पारिवारिक आर्थिक क्षमता बुझ्छे । बुझ्छे वा ऊ मलाई संकटापन्न अवस्थामा पुर्‍याउन चाहन्न ।

चाहन्छे वा चाहन्न त्यो त भगवान् जानून् ।

तर, ती ठूला समस्याका अतिरिक्त पत्नीले भन्ने झिनामसिना आर्थिक समस्याका सबै डायलगका लागि म पहिले नै तम्तयार भइसकेको हुन्छु ।

घरको खर्च धेरै छ । हुनेखानेहरूका लागि यो खर्च थोरै नै हो । तर, जससँग छैन उसका लागि यो सामान्य खर्च पनि धेरै हो । आजको यथार्थ यही हो ।

तर, म पत्नीले मुख खोल्नुअघि नै अलौकिकजस्तो श्रवणशक्तिले ती माग वा आवश्यकताका लागि चाहिने आर्थिक पक्ष सुनिसक्छु । मेरो गणित कमजोर छैन । तर, पैसो छैन । अवश छु । महिनैपिच्छे म तलब थापेर घरमा बुझाउने गरेकै छु । यति भनेर उम्कन त पाइएन । तलब साला कति नै हुन्छ र !

त्यो तलब त्यति नै हुन्छ जति मैले बुझाउँछु । पत्नीको हातमा त्यो तलबको रकम बुझाउनासाथ त्यो दुई वा तीन वा चार गुणा भइजाने त होइन । समस्या छ ।

समस्याहरू दुई, तीन र चान गुणाका दरले बढ्ने स्वभावका छन् । रक्तबीज भन्ने मैले सुनेको छु अथवा त्यो के हो भस्मासुर भन्ने पौराणिक पात्र- तिनका कथा मैले सुनेको छु ।

तर, अहिले त्यो रक्तबीज अथवा, त्यो के रे, भस्मासुर आए पनि हाम्रो समयको समस्यासँग प्रतियोगिता गर्न सक्नेछैनन् । यस्तो स्वभावका छन् समस्या ।

म पात्र हुँ यस्तो भनेर कथामा झैँ वास्तविक जीवनमा उम्कन पाइन्न । मानौँ, म भासमा फसेको छु, दलदलमा । जति हलचल गर्न खोज्छु उतिउति भासिँदै जान्छु ।

जतिजति हातखुट्टा चलाउँछु त्यतित्यति तलैतिर जाकिँदै जान्छु, उकास र निकास छैन, छँदै छैन । यस्तो लाग्छ, जीवन सार्थक छैन, हुन सकेन ।

म जीवनको सार्थकता खोज्न अचेल प्रत्येक भगवान्का मूर्तिलाई ढोग्ने गर्छु । सडक

❖ बाँकी तेस्रो पृष्ठमा

# झापा गोल्डकपमा स्व. बिनोद बस्नेतको संझना



• लवकुमार चौधरी

शनिवार झापा गोल्डकपको सातौ संस्करण शुरु भइरहँदा पूर्व अध्यक्ष बिनोद बस्नेत स्मृति कप नाम जोडिएकाले दिवंगत बिनोद बस्नेत दाजुका बारेमा लेख्न मन लाग्यो।२०७९ सालतिर घनिष्ठ सम्बन्ध बनिदै गर्दा पहिलेदेखि उहाँसंग मेरो चिनजान थियो। स्व. बिनोद बस्नेत व्यवसायी र खेलप्रेमी दुबैरुपमा झापामा परिचित हुनुहुन्थ्यो।उहाँले मोटरसाइकलको शोरुम संचालन गर्दैगर्दा थोरै मानिसहरुले चिन्दथे भने झापा गोल्डकपले उहाँलाई देश विदेश सबैले चिन्न थालेका थिए।साखेजुङ ५ हाल इलाम नगरपालिका १ मा जन्मनु भई कर्मक्षेत्र झापा जिल्ला बिर्तामोड १ जगत बस्ती बस्दै आउनु भएको थियो।खानलाउन दुःख नभएका किसान तथा व्यवसायी परिवारमा जन्मेर पिता कृष्णबहादुर बस्नेत र माता सरस्वती बस्नेतको कोखबाट जन्मनु भई जेष्ठ पुत्र बिनोद बस्नेत, राजु बस्नेत र बिपिन बस्नेत गरी तीन भाइ थिए । कोपिला बस्नेतसँग विवाह बन्धनमा बाँधिएर एक छोरीका धनी व्यक्तित्व हुनुहुन्थ्यो।स्वाभिमानी, कर्मठ,व्यवसायी ,खेलप्रेमी र समाजसेवी स्व. बिनोद बस्नेत दाजुको असामयिक र अकल्पनीय निधनबाट म स्तब्ध तथा मर्माहित भएको छु।

बिनोद बस्नेत दाजु आफैमा सक्षम तथा सफल व्यवसायी हुनुहुन्थ्यो।उहाँ विभिन्न संघ संस्थामा आवद्ध भई सम्मानित तथा पुरस्कृत हुनुभएको थियो।समाजको लागि केही राम्रो काम गरौं भन्ने विचार भएका बिनोद बस्नेत हुनुहुन्थ्यो।छैठौ झापा गोल्डकप यस्तो आर्थिक मन्दीका




बावजुद सदस्य नवीकरण गर्नु ,नयाँ सदस्य बनाउनु तथा मनकारी मनहरु, दानवीरहरु र प्रायोजकहरु आउनु नै झापा गोल्डकप सफल भएको बुझ्नु पर्दछ।फुटबल खेलमा सानो ठूलो , गरिब, धनी हुँदैन। सबै बराबर र समान हुन्छ भन्नुहुन्थ्यो।

२०८२ सालमा बैशाख २६ गते बिहानको समयमा निजी निवासमा दिवंगत हुनुभयो।उहाँको पार्थिव शरीर हेर्न भीड किन यस्तो गरेको , के भयो,यस्तो कदम लिएको सबैले आँशु झार्दै, दुःख मनाउँदै यो हुन सक्दैन के भयो भनेर सबै छक्क परे ।सर्बसाधारण, व्यवसायीहरु, खेलप्रेमीहरु बुद्धिजीवी,पत्रकार ,संघ संस्थाका प्रतिनिधि, स्थानीय नेताहरु मेयरदेखि जनप्रतिनिधि, शिक्षाकर्मीलगायत उपस्थित रहेका थिए ।उहाँको कानुनी प्रकृया पुरा गरी दिउँसो कन्काई नदीमा अन्त्येष्टि गरिरहँदा हजारौको सहभागिता रहेको थियो।मलामीहरुले उहाँको निधनप्रति दुःख व्यक्त गरिरहेका थिए। उहाँले पैसा कमाउनुका साथै मलामी पनि कमाउनु भएको रहेछायही नै असली धन भएको किरण श्रेष्ठ,रामबावु धिमाल र पत्रकार इन्द्रसिंह राजवशीले भन्नुभएको म अहिले पनि संझिन्छु ।

विश्वमा सबैभन्दा लोकप्रिय खेलमा फुटबल पर्दछ।फुटबल भनेको सबैले बुझ्ने प्रायजसोले हेर्न तथा खेल्ने खेल हो ।त्यसैले होला, फुटबलमा अरु खेलभन्दा बढी दर्शक हुने गरेको छायति बेला बिनोद बस्नेत स्मृति सातौ झापा गोल्डकप २०८२ को चोकचोक, टोलटोलमा,चिया पसलमा चर्चा चलिरहेको छाबिनोद दाजुको स्मृतिमा हुन गईरहेको सातौ झापा गोल्डकपमा सपरिवार पाल्नुहुन हार्दिक निमन्त्रणा गर्दछौ।यो ऐतिहासिक जिम्मेवारी बहन गर्दै झापा गोल्डकपलाई अनुशासित, मर्यादित र उत्कृष्ट बनाउन अध्यक्ष केदार गिरीले तपाई सम्पूर्णमा हार्दिक अपिल गर्नुभएको छाएक पटक डोमालाल राजवंशी रंगशाला आईदिनुस् । झापाबासीहरु र बिशेष रुपमा बिर्तामोडबासीहरुले बिनोद बस्नेत स्मृति सातौ झापा गोल्डकपलाई सफल बनाउन आ-आफ्नो ठाउँबाट सक्दो सहयोग गरी उत्कृष्ट र अब्बल बनाउनु पर्छ। बिनोद दाजुले मलाई भन्नु भएको थियो-'छैठौ झापा गोल्डकप सफल बनाउनु पर्छ भाइ ।' अनि सुझाव सल्लाह माग्नु हुन्थ्यो । मैले दिएको सुझाव तुरुन्त लागु पनि गर्नु भयो । यहाँका आदिवासी जेष्ठ नागरिकहरु फुटबल हेर्न बोलाउनुस् । उहाँहरु फुटबल हेर्न आउँदा धेरै खुशी हुनुभएको थियो।बिनोद दाजुको साथीभाइको सर्कल देशभरी नै थियो।बिनोद दाजु बाहिरबाट जति कडा देखिएता पनि भित्री स्वभाव कोमल हृदयको हुनुहुन्थ्यो। हामीलाई आँट भरोसा दिने दाई तपाईलाई के कुराले भित्रभित्रै पीडा थियो बुझ्न सकिएन ।परिवार थियो, भाइहरु थिए ,आमा हुनुहुन्थ्यो ।यत्रा मिल्ने साथीभाइहरुसंग कुरा गरेर सेयर गरेको भए यो कदम उठाउन हुनुहुन्नथ्यो कि ! सदासदाको लागि हामीलाई छोडेर जानुभयो।कुन कुरा थियो केबल तपाई बाहेक अरुलाई थाहा दिनु भएन? दाजु तपाई त दर्बिलो व्यक्तित्व हुनुहुन्थ्यो।दाजु तपाईसंग बिताएका पलहरु, सम्झनाहरु,तपाईको मार्गदर्शन, तपाईको सल्लाह सुझावहरु याद आउँछ।एउटा ठूलो दाजु गुमाएको र अभिभावक गुमाएको महसुस भएको छ।उहाँसंग बिताएका पलहरु लेख्न थालेपछि कति पाना हुन्छ थाहा छैन।फेरि उहाँसंग बिताएका पलहरुको बारेमा बेग्लै लेखौला । स्व. बिनोद बस्नेत सादा जीवन उच्च विचार,मिलनसार,इमान्दार,स्वच्छ छवि भएको,समाजका लागि जसरी समर्पित भएर काम गर्नु भयो । मान्छे मरेपनि उहाँको विचार, काम, प्रतिष्ठा र कर्म कहिले मर्दैन । त्यो अमर रहन्छ।समाजले एउटा होनहार , उदाउँदै गरेको तारा गुमाएका छौ। उहाँका कलाकृति, समाजमा पुऱ्याएको योगदान अमर रहने छ।मैले यति लेखिरहँदा उहाँको दिब्य आत्माको बैकुण्ठ बास होस् भन्ने कामना गर्दै उहाँलाई गहिरो हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु।

(लेखक झापा गोल्डकपका सल्लाहकार सदस्य हुन् )

## टी-२० विश्वकपमा पाकिस्तान र वेस्ट इन्डिजको विजयी शुरुवात

एजेन्सी । १०औँ संस्करणको आईसीसी टी-२० विश्वकपमा पाकिस्तानले विजयी शुरुवात गरेको छ। शनिवार भएको पहिलो खेलमा पाकिस्तानले नेदरल्यान्ड्सलाई ३ विकेटले हराएको हो। नेदरल्यान्ड्सले दिएको १ सय ४८ रनको लक्ष्य पछ्याएको पाकिस्तानले १९ ओभर ३ बलमा ७ विकेट गुमाएर भेट्टायो। पाकिस्तानका साहिबजादा फरहानले सबैभन्दा धेरै ४७ रन बनाए। नेदरल्यान्ड्सका आर्यन दत्त र पा'ल भ्यान मिकरेनले समान २-२ विकेट लिए ।त्यसअघि श्रीलङ्काको कोलम्बोमा रहेको सिंहाली स्पोर्ट्स क्लब क्रिकेट मैदानमा टस हारेर ब्याटिङ गरेको नेदरल्यान्ड्सले १९ ओभर ५ बलमा १ सय ४७ रन बनाएर अलआउट भयो। नेदरल्यान्ड्सका स्कट एडवर्ड्सले सबैभन्दा धेरै ३७ रन बनाए। पाकिस्तानका सलमान मिर्जाले ३ विकेट लिए । त्यस्तै रोमारियो सेफर्डको ह्याट्रिकको मद्दतले दुईपल्टको च्याम्पियन वेस्ट इन्डिजले शनिबार ट्वान्टी ट्वान्टी विश्वकप २०२६ मा स्कटल्यान्डमाथि ३५ रनको प्रभावशाली जित निकालेको छ। कोलकाताको इडेन गार्डेनमा जितका लागि १ सय ८३ रनको लक्ष्य पाएको स्कटल्यान्ड १८.५ ओभरमा १ सय ४७ रन बनाएर अलआउट भयो। वेस्ट इन्डिज जितको नायक रहेको सेफर्डले एकै ओभरमा चार विकेट लिए ।समग्रमा उनको प्रदर्शन २० रनमा पाँच विकेट रह्यो। स्कटल्यान्डका लागि कप्तान रिची बेरिङटनले २४ बलमा ४२ रन जोडे। उनले तीन चौका र दुई छक्का प्रहार गरे। यस्तै टम ब्रुस २८ बलमा ३५ रन बनाएर आउट भए। वेस्ट इन्डिजका अन्य बलरमध्ये जेसन होल्डरले ३० रनमा तीन विकेट लिए। यो जितले वेस्ट इन्डिजको समूह 'सी' मा दुई अंक भएको छ ।पहिले ब्याटिङ गरेको वेस्ट इन्डिजले सिमरन हेटमेयरको ६४ रनको मद्दतले पाँच विकेटमा १ सय ८२ रन बनाएको थियो। हेटमेयरले ३६ बलमा दुई चौका र छ छक्का प्रहार गरे। यस्तै ब्रेन्डन किंगले ३५, रभमन पावेलले २४ र सेरफन रडरफोर्डले २६ रनको योगदान गरे। स्कटिस बलर ब्राड करीले २३ रनमा दुई विकेट लिए ।यो विश्वकपमा नेपालले पनि खेल्दैछ। नेपालले आइतवार मुम्बईमा इङ्ल्यान्डसँग खेल्दै प्रतियोगिताको शुरूवात गर्नेछ। यो विश्वकपमा सुरक्षा कारण देखाउँदै बङ्गलादेश भारत आउन नमानेपछि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) ले उसको ठाउँमा स्कटल्यान्डलाई समावेश गरेको छ । प्रतियोगितामा २० वटा टोलीलाई ४ वटा समूहमा बाँडिएको छ। प्रतियोगिता आउँदो मार्च ८ तारिखसम्म चल्नेछ। अहिलेसम्म ६ वटा टोलीले टी-२० विश्वकपको उपाधि जितेका छन्। भारत, इङ्ल्यान्ड र वेस्ट इन्डिज २/२ पटक तथा पाकिस्तान, श्रीलङ्का र अस्ट्रेलिया १/१ पटक विजेता बनेका छन्।

## म...

छेकेका, पर्खालमा चुनिएका सबै देवीदेउताका सानाठूला मूर्तिलाई निष्ठासाथ ढोग्ने गर्छु।
पहिले त भगवान् वा ईश्वर वा देवीदेउता जे भने पनि वास्तै गर्दिनथेँ। कर्म गरेपछि फल पाइन्छ भनेपछाडि किन ईश्वरको आराधना गर्ने ?
अझ कर्म गर फलको चिन्ता नगर भनेकै छ, फल आउँदै गर्छ- मा फलेषु कदाचन । पछि कर्म गर्दै जाने फल शून्य हुन थालेपछि म निराश भएँ र तैपनि ईश्वर सर्वव्यापी छ र करुणामय छ भनेर अचेल ईशप्रार्थनामा लागेको छु, श्रद्धाभक्तिका साथ।
म व्यापारी पनि होइन, जसले भगवान्को नाम राखेर कम्पनी वा उद्योग खोल्छ र ईश्वरका सद्वचनहरूको उल्लंघन गर्दै कालोबजारी र मुनाफाखोरी गर्छ, अपार कमाउँछ।
म के गरूँ ? मलाई त भवसागर तर्नु छ । भवसागर तर्नु होइन यसमा पौडिनु छ । तर्न पाए त यी सब झमेलाबाट मुक्त भइहालिन्थ्यो ।

त्यसैले पत्नी हार खाएको व्यक्तिले झैँ भन्छे, "हे ईश्वर !" उसले स्वर दबाएर भने पनि उसको निराशाको तिक्तताले ध्वनित पुकार मसम्म आइपुग्छ।
यो पुकार कसका लागि हो ? यो प्रश्न जटिल छ। तर, उसको एउटै आस्था छ र विश्वास पनि छ। भन्छे, "यसो हाकिमसँग भेटेर उपरी आम्दानी हुने ठाउँमा बढुवा नभए पनि सरुवा मिलाइदिन निवेदन वा अनुरोध गर्नोस् न।"
कुरा हो पच्चीसै आना ठीक ! तर, ठीक कुरा हुने त गर्दैन। तर... ।
तर, त्यसो हुन सकिरहेको छैन । भित्री कुरा यो थियो, हाकिमलाई मैले एकपटक त कार्यालयमै एकान्त मिलाएर अनुरोध गरिहेरेको हुँ । मेरा कुरा सुनेपछि हाकिमले बडो गम्भीर मुद्रा बनायो।
मानौँ, ऊ आसन्न निर्वाचनका लागि एउटा क्षेत्र, जसमा विरोधी दलको पारम्परिक र दह्रो पकड छ, त्यहाँको नामी उम्मेदवारलाई टक्कर दिन आफ्नो पार्टीको कुनै एक योग्य उम्मेदवार पात्र छान्ने समस्यामा छ।
मेरा कुरा सुनेर हाकिममाथि झन् समस्या थपिएजस्तो लाग्यो । तर, हाकिमले अन्तमा भन्यो, "त्यस्तो एउटा पोस्ट त छ तर... ।" तर, पछि हाकिमले झ्याप्प कुरा रोकेर समाधानको उपाय सुझेजस्तो गरी फूर्तिलो हुँदै भन्यो, "अहिले जसरीतसरी काम चलाउनोस्, पछि हेरौँला ।" थप्यो, "भनेजस्तो त एकैचोटि कहाँ हुन्छ र ?"
मैले पनि सोचेँ, हो त्यो त हुँदैन । तर, मलाई शंका लाग्यो- के हाकिम नेतानेताका दरबारदरबार धाइरहने त गर्दैन ? कि ऊ कुनै सत्संगमा जाने गरेको छ ? भन्छ, "पछि हेरौँला, जसरीतसरी काम चलाउनोस् ।"

हाकिमबाट तत्काल पार लाग्ने नभएपछि सोचेँ- त्यसो भए कुन ईश्वर कुन भगवान्को पुकारा गरूँ ?
ईश्वर र भगवान्हरू पनि थकित भइसके, बूढा भइसके । जेनजीहरूको आन्दोलनले माग गरेअनुसार बूढा नेताहरूलाई हटाएर नयाँ युवा नेतालाई स्थापना गर्नुपर्छ भनेझैँ नयाँ ईश्वरहरू कहाँबाट ल्याउने ?
हुनै सक्दैन। तापनि एक किसिमले मैले नयाँ ईश्वर खोज्नैपर्ने भो- समस्या समाधानका लागि ?
समाजमा बूढा नेताका अनुहार हेर्नसम्म पनि रुचाइन छाडियो। समयले कस्तो कोल्टे फेऱ्यो ? म नयाँहरूले केही गर्लान् भन्ने अपेक्षामा छु । अफिसमा पनि यही चर्चा । अझ निर्वाचनको समय आइसककाले कसलाई भोट दिने कसलाई नदिने चर्चा चल्ने गर्छ।
भएन भनेर मैले अल्छी मानीमानी ओछ्यान छाडेँ। आज शनिबार थियो। केहीबेर सुतेरै समय पास गरूँ आरामका साथ भनेको पत्नी उभिन आइपुगी।
मैले एक शब्द नबोली ओछ्यान छाडेँ । काम चलाउ रूपमा हातमुख धोएँ । बासी लुगा लगाएँ, जुन हप्ताभरि र हिजोसम्म पनि लगाएको थिएँ। हाकिमको निवासतिर लागेँ। कता जाऊँ कुन बाटो जाऊँ भन्नु थिएन । मनमा 'हाकिम निवास' भनेर संकल्प गरेपछि खुट्टा आफैँले बाटो पहिल्याइहाल्थे ।
टाढैबाट देखियो हाकिमको निवास। बिल्डिङ नै थियो। त्यो १० वर्षसम्म नखुइलिने रङको विज्ञापनमा आउने भवनजस्तो । तर, हाकिम निवास आज निर्जन थियो। एउटा कागसम्म पर्खालमा बसेर कराइरहेको थिएन।

काग भन्नाले मैले एउटा कुरा सम्झेँ । सम्झेको कुरो यो थियो- एकपटक हाकिमले मलाई झुक्याएर सोध्यो, "कुमारजी, यो बताउनोस्, काग र हाम्रा पितृबीच के सम्बन्ध छ ?"
पितृहरू र कागबीच के सम्बन्ध हुन सक्छ र ? हाकिम के मेरो आइक्यू जाँचिरहेछ ? मरो प्रमोसनको दिन आएछ कि क्या हो भनेर मन प्रसन्न पनि भयो। निरसनिरस जीवनमा एउटा आशा पलाएजस्तो पनि भो ।
पत्नीको मुस्कानले उज्ज्वल भएको अनुहार मेरा आँखामा झलझली नाच्न आयो । तर, पितृहरूलाई पुकार गर्नुपर्ने भो- मलाई थाहा थिएन कागहरू र पितृहरूबीच के सम्बन्ध हुन सक्छ ?
पितृहरूसँग सरोकार राख्ने प्रश्न थियो। मेरा पनि पितृ थिए। त्यसैले, पुकार गरेँ। पिता बितेको चारपाँच वर्ष भइसकेको थियो । मनमनै भनेँ, "पितृ हो, बताउनुस्, काग र तपाईंहरूबीच के सम्बन्ध छ ?"
हाकिमको प्रश्नको जवाफ मसँग थिएन । मेरो पात्रता सिद्ध हुने भएन, म फेल हुने भएँ । हाकिमले के अपेक्षा गरेको थियो- म त्यसमा खरो उत्रिन सकिनँ । आफ्नो मान्छेको प्रमोसन गर्नुपरेकाले मलाई यस्तो प्रश्नको आफतमा हालिरहेछ ।
हाकिम पनि हाँस्यो र भन्यो, "त्यो त मलाई पनि थाहा छैन। कागको पौराणिकता सिद्ध गर्नु थियो ।"
म जिल्लाराम परेँ ।
मलाई दिक्दार लाग्यो- हाकिम आफ्नो पदीय मर्यादाअनुरूप आचरण गरिरहेको छैन । त्यो कुरा त्यत्तिकै भयो ।

अर्को प्रसंग यस्तो थियो, पितृहरूको । यहाँ सन्दर्भ नमिलेजस्तो लाग्न सक्छ । तैपनि भनिहालूँ, मन हलुका हुन्छ । मेरा पिताले, पिता भन्नाले पितृसँग मेल खाने शब्द भएर पिताको स्मरण आउँछ । त मेरा पिताले हामी गाउँमा छँदा एउटा गाई किनेर ल्याए।
गाउँ भन्नाले हामी गाउँका मान्छे हौँ । गाउँबाट सहर पसेका । त बाले अथवा पिताले गाई किनेर ल्याए । भनेका थिए, "घरमा गाई जरुरी हुन्छ। पितृकार्यमा गउँत खान त चाहिन्छ, चाहिन्छ। गउँतले अनेक रोग हरण गर्छ । त्यसबाहेक घर लिप्न गाईको गोबर चाहिन्छ।"
उनी भैँसीको गोबरले घर लिप्नुको खिलापमा थिए । त्यसै हुनाले जोरजाम गरेर गाई किनेर ल्याएका थिए।
गाईको नाम हामीले लक्ष्मी राख्यौँ । गाई त्यसै वर्ष ब्याई। एउटा बाच्छो पाई। पछि हामी सहर पस्दा गाईलाई सँगसँगै ल्याउने अवस्था थिएन। फुक्का छाडिदियौँ, जता जाओस् ।
पिताले भने, "गाई बेचेको पैसा घरमा हुल्ने होइन।"
पिताको विश्वास वा अन्धविश्वास जे भन्नोस्, त्यस्तो थियो। यद्यपि उनले रकम तिरेर गाई किनेर ल्याएका थिए । पैसा तिरेर ल्याएको गाई घरमा हुल्न हुने कि नहुने त्यो त्यतिबेलाको मेरा केटाकेटी दिमागमा आएन । अहिले सोचेर प्रश्न बन्दा सोध्ने पिता छैनन्। उनी बितिसके ।
पिताले भनेका थिए, "गाई लक्ष्मी हुन्, हामीले बेच्नु हुन्न । पाप लाग्छ ।"
पाप कस्तो हुन्छ हामी केटाकेटीले निर्क्योल गर्न सकेनौँ । फागुमा रङ खेलेजस्तो पाप रङमा देखिने होइन । यसैले मैले सोचेँ- पापको रङ कस्तो हुन्छ ?

समाधान थिएन र त्यसैत्यसै हरायो त्यो प्रश्न । त भन्नुको मतलब यो, लक्ष्मी गाईलाई फुक्का छाडिदिएपछि अचेल पो मलाई पश्चात्ताप लाग्छ- गाई कता गई ? खान पाई कि पाइन ? बाघले खायो कि ? होइन, कसैले लगरे पाल्यो होला । लक्ष्मी दुधालु थिई ।
कसैले लगेर पालिदिए हुन्थ्यो भन्ने प्रार्थनाले मनलाई शान्ति दिन्थ्यो। र पश्चात्तापको भार हलुका हुन्थ्यो। तर, पश्चात्ताप रहिरहन्थ्यो। पश्चात्ताप पछिसम्म हराएन।
त यता हाकिमको घरतिर फर्कौं । गेट बन्द थियो । हाकिम आज सपरिवार पिकनिकमा हिँडेछ भन्ने लाग्यो। कि ससुराली गयो आज शनिबार सालीसँग हाँसठट्टा गर्दै मासुभात डम्फ्याउन ? तर, त्यो सब सही साबित भएन।
हाकिमको भवन-कम्पाउन्डछेउको पसलेले भन्यो, "हाकिमकोमा त गए मध्यराति छापा हाने, समातेर भ्यानमा राखेर लगे।"
म झसङ्ग भएँ। खबर बडो भयावह थियो । कसले छापा माऱ्यो, कसले समातेर लगे भनेर सोध्दा पसलेले भन्यो, "खै कसले भन्नु ? प्रहरीले त होला। छापा पनि हान्यो। अचेल त एउटा विभाग भए पो यसैले लग्यो भन्नु।"
पसलेले मलाई प्रश्नवाचक आँखाले हेर्दै भन्यो, "सम्पत्ति शुद्धीकरण भन्या छ, अख्तियार भन्या छ, अनुसन्धान भन्या छ, कसले हो कसले ? हामी के था' पाउनु। भोलि नै छुटेर आउने पो हो कि ? अचेल सबै कुरा बिकाउमा छ। के ठेगान ! काम गर्ने हो भने त छन् नि थुप्रै विभाग।"

पसले अन्यायपीडितझैँ फतफताउन थाल्यो। म के गरूँ ? मैरो त सहारा नै डुब्यो भन्ने भो। एउटा त्यान्द्रो होइन, एउटै ठूलै वृक्ष थियो । हाकिमरूपी त्यसलाई पनि यस्तो भो ।
पत्नीले भन्ने पनि छे, "जाऊ, जाऊ भन्दा मानेनौ । अब के ? आफैँ जान।"
म रोऊँ कि हाँसूँ ? मभित्रको पात्र अलमलियो।

सुपर काईनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर

सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

**चन्द्रगढी, भद्रपुर**
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

**दमक**
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

**मेचीनगर**
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५५५०१५०

**उर्लाबारी**
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

**इलाम, मंगलबारे**
रणवीर लिम्बू
९८१६९८४७५७

**काकँरभिट्टा**
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

**झापा बजार**
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** भनेको कुराको विपरीत अर्थ लाग्नसक्छ। स्वास्थ्यमा गडबडी भई कामकाजमा असर

**वृष** भगवानको आशीर्वादले भने काम बन्नसक्छ। लगनशीलताले विभिन्न अवसर दिलाउनेछ

**मिथुन** रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ। आकस्मिक धन लाभ हुनेछ।

**कर्कट** मिहिनेत गर्दा अधिक प्रगति हुनेछ। तर अरुको भलाइका लागि दौडधुप गर्नु पर्नेछ

**सिंह** दैनिक कामहरू सन्तोषजनक ढंगले सम्पन्न हुनेछन्।

**कन्या** आज सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। नयाँ वस्त्र एवं अलङ्कारको प्राप्ति

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ ।

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला। कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन्।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ। जोशजाँगर र हिम्मत पनि

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ। वैदेशिक कार्य पनि अघि बढ्नेछ।

**मिन** सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। गरेका कामबाट धेरैलाई फाइदा पुग्न सक्छ